


# इंग्ल्यान्डकै वजन भारी

आइतबार जारी विश्वकपको समूह 'जी' अन्तर्गत दोस्रो चरणको दोस्रो खेलमा इंग्ल्यान्डले पानामाको सामना गर्दै छ। यसअघि यी दुई टिमले एकअर्का विरुद्ध कहिल्यै खेलेका छैनन्। फिफा वरियताको १२औं स्थानको इंग्ल्यान्ड ५५औं स्थानको पानामाभन्दा बलियो टोली हो। पहिलो खेलमा बरियतामा आफूभन्दा नवौं स्थान पछाडि रहेको ट्युनीसियालाई संघर्षपूर्ण खेलमा २-१ ले पराजित गरेर इंग्ल्यान्डले ३ अंक जोडिसकेको छ।

पहिलेको तुलनामा अहिले खेलाडीमा देखिएको टीमवर्कले प्रशिक्षक गेरेथ साउथगेटमा झनै जिम्मेवारी थपिएको पनि छ। तुलनात्मक रूपमा एक पटकका विश्वकप विजेता इंग्ल्यान्डका लागि विश्वकपको नव प्रवेशी टोली पानामा कमजोर टोली हो। पानामा आफ्नो पहिलो खेलमा बलियो बेल्जियमसँग ३-० गोलअन्तरले पराजित भएको थियो। त्यसैले इंग्ल्यान्डलाई अन्तिम १६ मा पुग्न पानामाको चुनौती खासै कठिन देखिँदैन।

तैपनि पहिलो खेल गुमाएको पानामाका लागि दोस्रो खेल 'गर या मर' को स्थितिमा हुनेछ। पानामाले अंक जोड्ने हो भने पहिलो खेलमा दुवै गोल गरेका इंग्लिस क्याप्टेन ह्यारी केनलगायत रहिम स्टर्लिंग, डेले अली र एश्ले योंग जस्ता खेलाडीलाई कडा निगरानीमा राख्नुपर्नेछ। यता इंग्ल्यान्डका लागि पनि पानामा कप्तान तथा स्ट्राइकर रोमन टोरेस घातक हुन सक्नेछ।

यदि इंग्ल्याण्डविरुद्ध खेल पनि गुमाएमा जारी विश्वकपबाट पानामा बाहिरिने निश्चित छ। ट्युनीसियाविरुद्ध ३-५-२ को रणनीतिबाट जितको नतिजा निकालेको इंग्ल्यान्डले पानामाविरुद्ध ४-२-३-१ मा खेल्न सक्छ। यता पानामा भने बेल्जियमविरुद्ध ५-४-१ को रक्षात्मक रणनीतिमा उत्रेको थियो। तर इंग्ल्यान्डविरुद्ध खेलबाट अंक आवश्यक रहेकाले पानामाले ४-४-२ रणनीति अवलम्बन गर्ने सम्भावना छ।



# जापान इतिहासनजिक

जापान र सेनेगलले समूह 'एच' को पहिलो चरणको खेलमा आ-आफ्नो खेल जितेर समान तीन-तीन अंक बटुलेका छन्। सेनेगलले पोल्यान्डलाई २-१ ले पराजित गर्दा जापानले पनि १० जनामा सीमित कोलम्बियालाई २-१ ले नै हराएको थियो। आइतबार हुने यी दुईबीचको विजेताले अन्तिम १६ मा स्थान पक्का गर्नेछ।

फिफा वरियतामा जापान ६१औं स्थानमा छ भने सेनेगल २७औं स्थानमा रहेको छ। शारीरिक रूपमा जापानभन्दा सेनेगल बलियो छ तर प्राविधिक रूपमा जापान पनि कम देखिँदैन। जापानी अग्रपंक्तिका ओसाका कुनै बेला पनि नतिजा बदल्न सक्ने खूबी भएका खेलाडी हुन्। यस्तै अट्याकिंग मिडफिल्डरहरू इनुई, कागावा र हारागुची सेनेगलका डिफेन्डरहरू सबाली, कौलीबलि, साने र वागुएको टाउको दुखाइ बन्न सक्नेछ।

यसैगरी अर्कोतर्फ सेनेगलका नियांग र डियोफको स्ट्राइकिंग र साडियो माने, नाडिये, गाना र इस्मालियाको अट्याकिंग मिडफिल्डको घेरालाई तोड्न जापानी डिफेन्डरहरू नागाटोमो, शोजी, योशिदा र सकइलाई सहज हुनेछैन। यी खेललाई जापानी मिडफिल्डर शिन्जी कागावा र सेनेगलका मिडफिल्डर साडियो माने बीचको प्रतिस्पर्धासमेत भनिएको छ। जापानको सम्भावित रणनीति ४-२-३-१ हुनेछ भने सेनेगल ४-४-२ को रणनीतिमा उत्रने सम्भावना छ।

## हेड टु हेड

यी दुई राष्ट्रले एक अर्काविरुद्ध ४ पटक खेलेका छन्। जसमध्ये सेनेगलले ३ पटक जितेको छ भने एक खेल जापानले जितेको छ। जापानले फेरि एकपटक जित हात पारेमा इतिहास बन्नेछ। विश्वकपमा अहिलेसम्म एसियन टोलीले समूह चरणका लगातार दुई खेल जितेको छैन। जापान इतिहासनजिक छ अहिले।

Vs



# विश्वकप : सशक्त विज्ञापनको माध्यम

(स्रोत : साधना, पूर्णाङ्क : ५५,, विश्वकप विशेषांक १९९८)

टीभीआरएस ९८ सन् १९९८ विश्वकप आयोजक प्रसारणकर्ता हुन्। यसअन्तर्गत युरोपिय ब्रोडकास्टिङ युनियन (ईबीयू) भित्र परेका फ्रेन्च प्रसारणकर्ताहरूको समूह टीएफ १, फ्रान्स २, फ्रान्स ३, क्यानल प्लस, टीडीएफ, रेडियो फ्रान्स र आरएफआई रहेका छन्।

टीभीआरएस ९८ ले सम्पूर्ण रंगशालामा रेडियो तथा टेलिभिजन सुविधा उपलब्ध गराउने तथा विश्वभरिका रेडियो र टेलिभिजनलाई उच्चस्तरीय र भरपर्दो पुन: लेख प्रसारणका लागि सुविधा प्रदान गर्दछ।

फ्रान्स ९८ ले दूरसञ्चारका लागि खेल स्थलहरूमा छुट्टै १५ हजार वटा टेलिफोन, १ हजार ८ सय वटा रेडियो टेलिफोन, १ हजार ८ सय वटा पेजिङ सर्भिस युनिट, केबल टेलिभिजनसँग ९ हजार वटा कनेक्शन तथा एक सयवटा स्थानीय कम्प्युटर, २ हजारवटा टर्मिनलमा जोडिएको एउटा डाटाबैंक जडान गर्ने भएको छ।

फ्रान्स ९८ मा विश्वभरका रेडियो तथा टेलिभिजन केन्द्रको प्रतिनिधित्व रहनुका साथै टीभी आरएस ९८ लाई युरोप (यूईबी), दक्षिण अमेरिका (ओटीआई), अफ्रिका (यूआरटीएनए), अरबी भाषा बोल्ने राष्ट्रहरू (एएसबीयू) तथा एसिया तथा प्रशान्त (एबीयु) ले सफल सञ्चारका लागि सघाउने छ।

विश्वकप सशक्त विज्ञापनको माध्यम हो। सन् १९९४ को विश्वकप हेर्ने फ्रेन्च टेलिभिजनका कूल दर्शक संख्याको ७३ प्रतिशत दर्शकले कम्तिमा एक व्यक्तिको नाम प्रायोजनका लागि तुरुन्त दिन सकेका थिए। सन् १९९४ विश्वकपमा साझेदारका रूपमा टेलिभिजन दर्शकलाई ९३ प्रतिशत, उच्च स्तरका नागरिकलाई ८० प्रतिशत र नेताहरूलाई ६४ प्रतिशत स्थान दिइएको थियो।

फ्रान्स यस विश्वकप आयोजक राष्ट्रका रूपमा छनोट गरिनासाथ फ्रान्सको कुल जनसंख्याको नब्बे प्रतिशतले यस सौभाग्यलाई राष्ट्रिय गौरवका रूपमा लिएका थिए। त्यस्तै ६० प्रतिशत फ्रेन्च जनता विश्वकप प्रायोजन गर्दै लगातार एक एक गरी आफ्नो नेताको तस्वीर टेलिभिजनमा दिने कम्पनीहरूप्रति कृतज्ञ रहेका छन्।

# अमृत र भावना च्याम्पियन



तस्वीर : उजेल डंगोल

काठमाडौं, (नेस)

ओलम्पिक डे को अवसरमा नेपाल स्क्वास ऱ्याकेट्स संघद्वारा आयोजित राष्ट्रिय खुला स्क्वास प्रतियोगितामा अमृत थापा मगर र भावना सुनुवार च्याम्पियन बनेका छन्।

शनिबार भएको पुरुष सिंगल्स फाइनलमा अमृतले प्रवीणवीर सिंह कंशाकारलाई ११-५, ११-६ र ११-९ को सोझो सेटमा पराजित गरे। अमिर ब्लोन र ज्ञानु चौधरी तेस्रो भए। शीर्ष तीन स्थान हात पार्नेले क्रमश: ६ हजार, ३ हजार ५ सय र २/२ हजार नगद पुरस्कार हात पारे।

सातदोबाटोमा भएको महिला सिंगल्स फाइनलमा भावनाले विपना ब्लोनलाई ११-५, ११-७ र ११-९ को सीधा सेटमा हराइन्। सपना ब्लोन र स्वास्थानी श्रेष्ठले तेस्रो स्थानमा चित्त बुझाए। पहिलो हुनेले ४ हजार, दोस्रोले २ हजार ५ सय र तेस्रोले १/१ हजार नगद पुरस्कार हात पारे।

मास्टर्स ५० वर्षमाथि सिंगल्सको फाइनलमा सुदीपबहादुर सिंहले इन्द्रबहादुर कार्कीलाई ११-८, १४-१२ र ११-३ को सोझो सेटमा पाखा लगाउँदै पहिलो भए। अमरकेशर सिंह र महेन्द्र महर्जन तेस्रो बने। विजेतालाई आयोजक संघका पूर्वसंस्थापक अध्यक्ष भरतकेशर सिंह, आयोजक संघका अध्यक्ष किशोर महर्जनलगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे।




# अंक तालिका

समूह 'ए'

| टोली | MP | W | D | L | GF | GA | PTS |
|---|---|---|---|---|---|---|---|
| रुस | २ | २ | - | - | ८ | १ | ६ |
| उरुग्वे | २ | २ | - | ० | २ | ० | ६ |
| इजिप्ट | २ | - | - | २ | १ | ४ | ० |
| साउदी अरेबिया | २ | - | - | २ | ० | ६ | ० |

समूह 'बी'

| टोली | MP | W | D | L | GF | GA | PTS |
|---|---|---|---|---|---|---|---|
| पोर्चुगल | २ | १ | १ | - | ४ | ३ | ४ |
| स्पेन | २ | १ | १ | - | ४ | ३ | ४ |
| इरान | २ | १ | - | १ | १ | १ | ३ |
| मोरोक्को | २ | - | - | २ | - | २ | ० |

समूह 'सी'

| टोली | MP | W | D | L | GF | GA | PTS |
|---|---|---|---|---|---|---|---|
| फ्रान्स | २ | २ | - | - | ३ | १ | ६ |
| डेनमार्क | २ | १ | १ | - | २ | १ | ४ |
| अस्ट्रेलिया | २ | - | १ | - | २ | ३ | १ |
| पेरु | २ | - | - | २ | ० | २ | ० |

समूह 'डी'

| टोली | MP | W | D | L | GF | GA | PTS |
|---|---|---|---|---|---|---|---|
| क्रोयसिया | २ | २ | - | - | ५ | ० | ६ |
| नाइजेरिया | २ | १ | - | १ | २ | २ | ३ |
| आइसल्यान्ड | २ | - | १ | १ | १ | ३ | १ |
| अर्जेन्टिना | २ | - | १ | १ | १ | ४ | १ |

समूह 'ई'

| टोली | MP | W | D | L | GF | GA | PTS |
|---|---|---|---|---|---|---|---|
| ब्राजिल | २ | १ | १ | - | २ | ० | ४ |
| स्विजरल्यान्ड | २ | १ | १ | - | २ | ० | ४ |
| सर्बिया | २ | १ | - | १ | २ | २ | ३ |
| कोस्टारिका | २ | - | - | २ | ० | ३ | ० |

समूह 'एफ'

| टोली | MP | W | D | L | GF | GA | PTS |
|---|---|---|---|---|---|---|---|
| मेक्सिको | २ | २ | - | - | ३ | १ | ६ |
| स्वीडेन | १ | १ | - | - | १ | ० | ३ |
| दक्षिण कोरिया | २ | - | - | २ | १ | ३ | ० |
| जर्मनी | १ | - | - | १ | ० | १ | ० |

समूह 'जी'

| टोली | MP | W | D | L | GF | GA | PTS |
|---|---|---|---|---|---|---|---|
| बेल्जियम | २ | २ | - | - | ८ | २ | ६ |
| इंग्ल्यान्ड | १ | १ | - | - | २ | १ | ३ |
| ट्युनिसिया | २ | - | - | २ | ३ | ७ | ० |
| पानामा | १ | - | - | १ | ० | ३ | ० |

समूह 'एच'

| टोली | MP | W | D | L | GF | GA | PTS |
|---|---|---|---|---|---|---|---|
| जापान | १ | १ | - | - | २ | १ | ३ |
| सेनेगल | १ | १ | - | - | २ | १ | ३ |
| पोल्यान्ड | १ | - | - | १ | १ | २ | ० |
| कोलम्बिया | १ | - | - | १ | १ | २ | ० |

# आजको खेल

इंग्ल्याण्ड Vs (जी) पानामा

समय : बेलुकी ५:४५ बजे/ स्थान : नीज्नी नोभगोरोद स्टेडियम, नीज्नी नोभगोरोद

जापान Vs (एच) सेनेगल

समय : राति ८:४५ बजे/ स्थान : सेन्ट्रल स्टेडियम, यकाटेरिनबर्ग

पोल्याण्ड Vs (एच) कोलम्बिया

समय : राति ११:४५ बजे/ स्थान : कजान एरेना, कजान

